# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमतीप्रदेश, नेपाल

प.सं.:२०८०/०८१
सू.नं.: ४१

**किसान सूचीकरण सहजकर्ता आवश्यकता सम्बन्धी सूचना।**

(दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०/१२/२६)

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा १४ को उपदफा (१) बमोजिम किसानको पहिचान गरी सरकारी तबरवाट किसानहरुका लागि उपलब्ध गराईने सेवा र सुविधा प्रतिको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरण विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोधछ। साथै उक्त किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि जारी गरिएको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७७ बमोजिम यस गाउँपालिकाको लागि किसान सूचीकरण सहजकर्ता आवश्यक परेकाले मिति २०८०/१२/०७ गते प्रथम पटक सुचना प्रकाशन गरी दरखास्त आव्हान गरिएकोमा पर्यापस आवेदन नपरेकोकारणले दोस्रो पटक सूचना प्रकाशन गर्ने प्रयोजनार्थ निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलेयो सूचना प्रकाशित भएको मितिले ७ दिन(२०८१/०१/०२ गते सम्म) भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

**पदः** किसान सूचीकरण सहजकर्ता।

**माग संख्याः** १० जना।

**आवश्यक न्युनतम योग्यताः** १२ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने।

**छनौटको किसिमः**लिखित, मौखिक तथा कम्प्युटर सीप परिक्षण।

**उमेर हदः** १८ वर्ष पुगि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने विवरणः**

- गाउँपालिकाबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फारम।
- नेपाली नागरिकताको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
- हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो।
- आवेदन दस्तुररु. २००-/ को बैंक(NIC ASIA BANK, PANCHAKANYA BRANCH OFFICE.) मा जम्मा गरेको सक्कलै बैंकभौचर वा पालिकाको राजश्व शाखामा अनलाईन मार्फत रकम तिरेको/जम्मा गरेको सक्कलै स्लिप प्रतिलिपि।

<u>अन्य कुराहरुः</u>

- पञ्चकन्या गाउँपालिका भित्रका ईच्छुक नागरिकलाई मात्र आवेदन पेश तथा परिक्षा छनौट प्रक्रियामा सहभागी गराईनेछ।
- महिलालाई विशेष प्राथमिकता दिइनेछ। बाईक चलाउन सक्ने, अन्तर वैयक्तिक क्षमता भएको व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ र अन्य कुराहरु कार्यविधि बमोजिम हुनेछ।

**पारिश्रमिक तथा सेवा सुविधाः** कार्यविधि बमोजिम। **आवेदन बुझाउने स्थानः** पञ्चकन्या गाउँपालिकाको कार्यालय, लाकुरीभञ्ज्याङ, नुवाकोट।

**थप जानकारीका लागिः** कृषि विकास शाखा (९८६६४७९३००/९८६८३१२८०४/९८४१९०३२७३).।

२०८०/१२/२६

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत